# विदेशी विशेषज्ञहरूको ‘मास्को भेला’ र नेपाली प्रतिनिधित्व

चन्द्रकान्त आचार्य

१४ मईदेखि १६ मई २००३ सम्म रुस (सोभियत संघ) का उच्च शिक्षण संस्थाहरूबाट शिक्षा हासिल गरेका विदेशी ग्रेजुएटहरूको अन्तर्राष्ट्रिय भेला मास्कोमा हुँदैछ। पूर्व सोभियत संघ र हालका रुसी शिक्षण संस्थाहरूबाट डिग्री प्राप्त गरेका ६ लाखभन्दा बढी विदेशी विशेषज्ञहरूका ९०० प्रतिनिधि र ३०० रुसी प्रतिनिधिहरूले उक्त भेलामा भाग लिनेछन्। सोभियत तथा रुसी उच्च शिक्षण संस्थाबाट डिग्री प्राप्त भारतीय ग्रेजुएटहरूका संस्थाका केन्द्रीय अध्यक्ष देवेन्द्र कौशिकद्वारा रुसी गणतन्त्रका राष्ट्रपति भ्लादिमिर पुटिनसमक्ष यस्तो भेला मास्कोमा आयोजना गर्न अनुरोध गरिएको प्रस्तावअनुसार भेला आयोजना गरिने भएको कुरा अवगत भएको छ।

## सोभियत संघ र त्यहाँबाट डिग्री प्राप्त विदेशीहरू

सोभियत संघ एउटा ठूलो देश थियो, त्यतिमात्र होइन- सोभियत संघ विश्वको एउटा नयाँ व्यवस्था थियो र विश्वका दुई महाशक्तिमध्ये एउटा महाशक्ति थियो। सत्तरी वर्षको लामो अन्तरालमा त्यस ठूलो देशबाट विश्वका जनताले जे जस्ता सहयोग पाए होलान् या त्यसका क्रियाकलापले कतिलाई दुःख पुग्यो होला, ती सबै कुराको लेखाजोखातिर नलागेर यहाँ यति मात्र उल्लेख गर्न सान्दर्भिक हुन्छ कि पूर्वी युरोपका देशहरूका अतिरिक्त एसिया, अफ्रिका तथा ल्याटिन अमेरिकाका धेरै विकासशील देशहरूका लाखौं युवायुवतीहरूले त्यहाँ अध्ययन गर्ने सुनौलो अवसर पाएका हुन्। ती युवायुवतीहरूले कस्तो शिक्षा आर्जन गरेका रहेछन् र तिनले आ-आफ्ना देशमा कस्तो भूमिका निर्वाह गरेका छन् भनेर मूल्यांकन गर्ने बेलामा सोभियत संघ नै विखण्डित भएको एक दशक नाघिसकेको छ। तर, त्यस विखण्डनपछि पनि रुसमा पढ्न जाने प्रक्रिया यथावत् रहेको छ। उदाहरणको रूपमा नेपाललाई लिने हो भने पुरानो समयमा इन्जिनियरिङ र मेडिसिनको अध्ययनको लागि नेपालमा अवसर नहुँदा छात्रवृत्ति पाएर सोभियत संघ जाने विद्यार्थीहरूको तुलनामा हाल स्वदेशमा नै त्यस्तो अवसर मिलिसकेको र रुस तथा पूर्वी सोभियत संघका अन्य गणतन्त्रहरूमा सशुल्क अध्ययन गर्नुपर्ने वातावरण सिर्जना हुँदा पनि तुलनात्मक रूपमा पुरानै संख्यामा अध्ययन गर्न जाने प्रवृत्ति देखा परेकाले त्यहाँको शिक्षण प्रणाली गुणात्मक रूपले राम्रो रहेको र पछि स्थापित प्रशासनिक संयन्त्रले पनि प्रतिस्पर्धात्मकरूपमा विदेशीहरूलाई पढ्न जाने वातावरण सिर्जना गर्न सकेको कुरालाई इङ्गित गर्दछ। यसरी पूर्व सोभियत संघ र हालको रुस तथा अन्य स्वायत्त गणतन्त्रहरूमा शिक्षाको स्तरले निरन्तरता पाएको मात्र होइन, धेरै पुराना आफ्ना उच्च शिक्षण संस्थाका ग्रेजुएटहरूलाई हालका नवप्रतिभाहरूसँग सम्मिलित गरेर आइपरेका समस्या समाधान गर्न र सबैका लागि फाइदाजनक नयाँ उपयोगी संरचनाहरू विकसित गर्न अन्तर्राष्ट्रिय भेला आयोजना गरी रुसी सरकारले एउटा अपूर्व उदाहरण देखाउन लागेको छ।

## रुसी (सोभियत) उच्च शिक्षण संस्थाका ग्रेजुएटहरू र उनीहरूका समस्या

माथि भनिसकिएको छ- सोभियत संघ विश्वको एउटा नयाँ व्यवस्था थियो। त्यसैले त्यहाँका शिक्षण व्यवस्था, संस्कृति र अन्य चालचलन विदेशीहरूका लागि नौला थिए। त्यस नौलो व्यवस्था, नौलो संस्कृति र नयाँ भाषामा उच्च शिक्षा हासिल गरेर दक्ष विशेषज्ञको रूपमा आफ्नो देश फर्केका ग्रेजुएटहरूले सुरुका वर्षहरूमा धेरै कठिनाइ भोग्नुपर्दथ्यो। धेरैजसो देशका प्रबुद्ध वर्ग र प्रशासनिक तथा राजनैतिक व्यक्तिहरूले त्यहाँबाट पढेर आउनेहरूप्रति ‘ब्रेनवास’ गरिएर आएका हुन् कि भन्ने शंका भित्री मनमा राखेका हुन्थे र त्यसैअनुरुप अन्य देशमा पढेर आएका विशेषज्ञहरूको तुलनामा ‘उनीहरू राम्रो काम गर्न सकदैनन्’ भनेर पक्षपातपूर्ण व्यवहार गरिन्थ्यो। त्यसको साथै रुसी भाषामा आफ्नो अध्ययन सम्पन्न गरेर आएका हुनाले कतिपय प्राविधिक शब्दावली र अन्य तरिकाहरूमा असमानताको परिस्थिति सामना गर्नुपर्दा र कतिपय ठाउँहरूमा नियुक्त भएका विदेशी विशेषज्ञहरूले समेत ‘सोभियत ग्रेजुएट’ प्रति विश्वस्त हुन नसक्ने धारणा राख्ने हुँदा उनीहरूलाई सुरुको केही समय फलामका चिउरा चपाउनुपरेको धेरैले अनुभव गरेका छन्। तर, ती फलामका चिउरा सजिलै चपाइए, धेरै देशहरूमा धेरै

त्यस्ता ग्रेजुएटहरूले दक्ष विशेषज्ञको रुपमा आफूलाई स्थापित गर्न सके र सोभियत संघबाट पढेर आउनेहरू साधारणतया आफ्नो विषयमा सक्षम, इमानदार र नैतिकवान् हुन्छन् भन्ने अवधारणा यत्रतत्र सिर्जना भएको कुरा स्पष्ट छ । यति हुँदाहुँदै पनि पहिलेको सोभियत संघ र हालको रुस तथा अन्य स्वायत्त गणतन्त्रहरूबाट पढेर आउनेहरूका समस्या पूर्णरूपले समाधान हुन सकेका छैनन् । त्यहाँको डिग्रीलाई कहिले मास्टर डिग्रीको रूपमा यथावत् मान्यता दिने जमर्को गरिन्छ भने कहिले ब्याच्लर डिग्रीको रूपमा निर्धारित गरिन्छ, त्यो पनि सबै संस्थाहरूको लागि समान रूपको निर्णय देखिएको छैन । यो नेपालमा देखिएको समस्या हो तर त्यहाँबाट प्राप्त डिग्रीलाई अन्य देशहरूमा पनि स्तर निर्धारणमा अप्ठ्यारो पर्ने कुराहरू सुनिएका छन् । त्यहाँ भर्ना गर्दा कहिलेकाहीं एसएलसी स्तरको विद्यार्थीले पनि भर्ना पाउने र पछि ऊ ग्रेजुएटको रूपमा आफ्नो देश फर्कंदा अर्को समस्या पर्ने कुरा पनि देखिइसकेको छ । यी तथा अन्य समस्याहरूमा उक्त अन्तर्राष्ट्रिय भेलाले उपयुक्त समाधान निकाल्ने आशा गरिएको छ ।

रुसी (सोभियतं) उच्च शिक्षण संस्थाबाट डिग्री प्राप्त नेपालीहरू र प्रस्तावित 'मास्को भेला'

साठीको दशकदेखि हालसम्म त्यहाँबाट अध्ययन समाप्त गरी फर्केका करिब पाँच हजार ग्रेजुएटहरूले नेपालका विभिन्न क्षेत्रमा आफ्नो योगदान दिइरहेका छन् । त्यहाँबाट आफ्नो देश फर्कने ग्रेजुएटहरूले धेरै पहिले २१ मई १९६७ मा आफ्नो अल्मुनाई संस्था 'मित्रकुञ्ज' खोलेर अन्य देशहरूमा पनि त्यस्ता संस्था खोल्न प्रेरणा दिनेमध्ये नेपाली ग्रेजुएटहरू अग्रपंक्तिमा रहेका छन् । अहिले त्यस्ता संस्था पचासभन्दा बढी देशमा रहेको कुरा अवगत भएको छ । मित्रकुञ्जले सन् २००० को ९ मार्चदेखि ११ मार्चसम्म पूर्व सोभियत संघ र स्वायत्त गणतन्त्रहरूबाट शिक्षा प्राप्त ग्रेजुएटहरूको एसिया सम्मेलन काठमाडौंमा गरेर आफ्नो अग्रणी भूमिका स्पष्ट गरेको छ ।

हालसम्म मित्रकुञ्जका सदस्यहरूले श्री ५ को सरकारका विभिन्न विभाग, प्राधिकरण आदिको प्रमुखको रूपमा होस्, मन्त्रालयको सचिवको रूपमा होस्, विश्वविद्यालयका उपकुलपति तथा रेक्टरको रूपमा होस्, कन्सल्टैन्सी या नर्सिङहोम आदिका प्रमुख सञ्चालकको रूपमा होस् असल डाक्टर, असल इन्जिनियर, असल शिक्षक, असल पत्रकार र कुशल प्रशासक तथा कुशल व्यवस्थापक आदि रूपमा नाम कमाएका मात्र होइनन्, राजनीति र सामाजिक क्रियाकलापमा अघि बढेर मन्त्री, सांसद, उच्च राजनीतिज्ञ र समाजसेवीको रूपमा प्रतिष्ठितसमेत भएका छन् ।

हाल मास्को भेलामा मित्रकुञ्जको तर्फबाट ठूलो संख्यामा प्रतिनिधिहरू जाने कुरा तय भएको छ, जसमा माननीय जलस्रोतमन्त्री दीपक ज्ञवाली र नेकपा (संयुक्त) का उपमहासचिव गणेश शाहजस्ता राजनैतिक व्यक्तित्व र अन्य विभिन्न विशेषज्ञहरू समावेश छन् । यी प्रतिनिधिहरू आफ्ना शिक्षण संस्थाका प्रतिष्ठित गुरुहरूलाई सम्मान प्रकट गर्न मात्र होइन, आफूले शिक्षा हासिल गरेको विशाल देशका मायालु जनताले गरेको प्रगति हेर्न र धेरै वर्षपछि मास्कोको सुन्दरता हेर्न मात्र होइन, आफूहरूलाई नेपालमा देखिएका स्तर निर्धारणसम्बन्धी र अन्य समस्या समाधान गर्न मात्र पनि नभएर निकै ठूलो उद्देश्य लिएर यिनीहरू मास्को जाँदैछन् । यो भेला रुसी ( सोभियत) उच्च शिक्षण संस्थाका विदेशी ग्रेजुएटहरूको अन्तर्राष्ट्रिय भेला हो, जहाँ विश्वका विभिन्न विद्वान्, विशेषज्ञ तथा व्यवस्थापकहरूको जमघट हुनेछ । त्यहाँ नेपाली प्रतिनिधिहरूले आफ्नो देशको विकासको लागि कुन देशका कुन संस्थाहरूसँग कस्तो किसिमको सहकार्य गर्न उपयुक्त हुन्छ भनेर भावी योजना बनाउन सम्पर्क माध्यम बनाउन सक्नेछन् । अहिले पनि केही नेपालीहरू रुसमा उद्योग व्यवसाय सुदृढ रूपमा सञ्चालन गर्दै नेपालमा समेत उद्योगको विकास गर्न प्रयासरत छन् । त्यसैगरी रुसी (सोभियत) ग्रेजुएटहरूको अन्तर्राष्ट्रिय संस्था (इन्कर्बुज्) पनि त्यस्ता सहकार्यको लागि विभिन्न देशका मित्रहरूलाई प्रोत्साहित गर्न सदैव तयार रहेको छ ।

यसरी पुरानो सम्पर्कको निरन्तरता र अन्य समस्याको समाधानका साथै एक अर्कोलाई फाइदा पुग्ने विदेशी सहकार्यका नयाँ सूत्रहरू भेटाउन र त्यस माध्यमबाट देश विकासमा टेवा पुऱ्याउने ठूलो आशा लिएर मास्को जान लागेका विशेषज्ञहरूको लागि सफलताको कामना गरौं ।